**जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति, नुवाकोटको**
**<u>मिति २०८३ असोज १ मा बसेको बैठकबाट भएका निर्णयहरू:</u>**

1. मिति २०८३/०५/१० गते भोटे कोशीमा आएको भीषण बाढीका कारण भएको उद्दार तथा राहत वितरण मर्मत निर्माण लगायतको विषयमा हालसम्मको वस्तुस्थितिका वारेमा जानकारी एव छलफल गरियो ।
2. सो बैठकमा भोटेकोशी वाढीबाट प्रभावित भई अनेत्र वसोवासको विकल्प नभएका विस्थापित परिवारको पुनर्स्थापनको लागि उपयुक्त स्थानमा जग्गा पहिचान तथा खोजि गरि प्रतिवेदन पेश गर्न गठित केन्द्रिय समितिका संयोजक लगायतका सदस्यहरुले यस जिल्लामा रहेका वाढी पीडितहरुलाई के कसरी पुनर्स्थापना गर्ने विषयमा सहभागीहरुबाट राय सूझाव माग गर्नु भएको । सो सन्दर्भमा सहभागिहरुले देहायका राय सुझाव दिनु भएको:
    - पुनर्स्थापनाको कार्य यथासक्य छिटो गरिनु पर्ने।
    - यस नुवाकोट जिल्लामा बाढीबाट प्रभावित भवन सडकलगायतका संरचना मर्मत तथा पुन निर्माण गर्दा विज्ञहरुबाट अध्ययन अनुसन्धान गरी सुरक्षित स्थानको पहिचान गरिनु पर्ने र सोका लागि NDRRMA वा अन्य सम्बन्धित निकायका विज्ञहरुको समूह यस जिल्ला खटाई तत्काल अध्ययन अनुसन्धान गर्नुपर्ने।
    - वाढीबाट प्रभावित जग्गा जहा घर भवन वा अन्य कार्य गर्न विपदको दृष्टिबाट असुरक्षित छ सो जग्गाको जग्गा धनीलाई उक्त जग्गाको मुआब्जा दिने वा सट्टा पट्टा गर्ने कानुनी व्यवस्था हुनुपर्ने ।
    - संभव भएसम्म वाढीबाट विस्थापित भएकालाई निजहरुको सम्बन्धित जिल्ला वा पालिकामा पुनर्स्थापन गर्नुपर्ने ।
    - नुवाकोट जिल्लामा अन्य जिल्लाका विस्थापितलाई पुनर्स्थापना गर्नुपर्ने अवस्थामा सार्वजनिक जग्गामा स्थानीय वासीहरुले विभिन्न प्रयोजनका लागि प्रयोग गर्ने हुदा व्यक्तिगत जग्गा खरीद गरी उपलब्ध गराउन उचित हुने ।
    - विस्थापितलाई पुनर्स्थापना गर्दा विधालय, अस्पताल, खानेपानी, ढल निकास, विधुत, सडक लगायतका पूर्वाधारको राम्रो प्रबन्ध गरिनुपर्ने ।
    - अस्थायी र स्थायी पुनर्स्थनपनका लागि विभिन्न निकायहरुले गर्ने सहयोगको परिचालन सम्बन्धी स्पष्ट नीति वा Guidelines वनाइनु पर्ने ।
    - वाढी प्रभावित भई विस्थापित भएका मानिसहरुको स्थायी वसोवास एव आगामि दिनमा वस्ति विकास, सडक लगायतका संरचनाहरु निर्माण गर्दा भविष्यमा आउन सक्ने विपदको दृष्टकोणले सुरक्षित हुने गरी गरिनु पर्ने ।
3. **भोटेकोशी बाढी प्रभावितका लागि वसोवास र जीविकापार्जन अनुदान रकम वितरण प्रकृया २०८३** बमोजिम सम्वन्धित पालिकाले वाढीबाट विस्थापितलाई लाभग्राही पहिचान गरी सो प्रकृया अनुसार इच्छुक लाभग्रहीलाई तोकिएबमोजिमको अनुदान तथा जिविकोपार्जन सम्बन्धी रकम उपलब्ध गराउने सोको लागि थप रकम आवश्यक भएमा जिल्ला प्रशासन कार्यालयमा माग गर्ने ।

प्रमुख जिल्ला अधिकारी

4. त्रिशुली नदी पारीका तारकेश्वार गाउपालिका, किस्पाङ गाउपालिका र विदुर न.पा. का विभन्न वडाहरुमा सडक सञ्जाल नभएको हुदा तारकेश्वार गाउपालिका, किस्पाङ गाउपालिका र विदुर न.पा. का कोलोनि क्षेत्र जोडने गरी यथासक्य छिटो वेलिब्रिज राख्नु पर्ने र ती क्षेत्रमा झोलुङगे पूलहरु तत्काल निर्माण गर्न आवश्यक भएको र वाढीबाट प्रभावित वेलकोटगढी नगरपालिका भित्रको सडकहरु तत्काल मर्मत गर्नुपर्ने । भोटेकोशीको वाढी प्रभावित नभएपनि अन्य पालिकामा पनि वर्षातको कारणले पहिरो गई सडक अवरोध भएको हुँदा संघिय सरकार/पूर्वाधार विकास मन्त्रालय, सडक विभाग र प्रदेश सरकारलाई उपरोक्त कार्यका लागि प्राथमिकताका साथ समयमै बजेट निकासाका लागि अनुरोध गर्ने ।

5. भोटेकोशीको वाढीको कारण पूर्ण वा आंशिक क्षति भएका विधालय, स्वास्थ्य संस्था लगायतका संरचानाहरुको पुन: सञ्चालन गर्न सुरक्षित स्थानको विज्ञद्वारा पहिचान गरी यथासक्य सञ्चालनमा ल्याउन संघीय सरकार र प्रदेश सरकारलाई अनुरोध गर्ने ।

6. अन्य जिल्लाबाट थप साधन तथा जनशक्तिको परिचालन गरी सडक, झोलुङ्गे/पुल विभिन्न भवन लगायत निर्माण तथा मर्मतको कार्य तीब्रतका साथ गर्ने व्यवस्थाका लागि संघीय सरकार/पुर्वाधार विकास मन्त्रालय र प्रदेश सरकारलाई अनुरोध गर्ने ।

7. भोटेकोशीमा आएको वाढीको कारण विग्रिएका विभिन्न संरचनाहरु प्राथमिकताका साथ मर्मत गर्ने सन्दर्भमा यस बैठकमा प्राप्त सूझावहरु समेतलाई प्राथमिकता दिइ हाल सडक डिभिजन कार्यालय, गल्छि- मैलुङ-स्याप्रुवेशी सडक आयोजना र पूर्वाधार विकास आयोजना खानेपानी, विधुत, नेपाल टेलिकम, संघन शहरी विकास आयोजना, जनस्वास्थ्य कार्यालय लगायत सबै निकायले हाल गरिरहेको कार्यलाई थप तीब्रता दिने र सो कार्यलाई सबै पालिका र अन्य निकायले सहयोग गर्ने ।

8. २०८३ भाद्र १० गते भोटेकोशी आएको बाढीका कारण देहायका स्थानीय तहहरुले तपशीलका आयोजना मर्मत तथा निर्माणका लागि स्थानीय विपद व्यवस्थापन समितिबाट निर्णय गराइ संघीय सरकार र प्रदेश सरकारबाट आवश्यक बजेट निकासाको निम्ति जिल्ला विपद् व्यवस्थापन समितिबाट सिफारिस गरिदिन अनुरोध गरेबमोजिम संघीय सरकार तथा प्रदेश सरकारमा सिफारिस गर्ने ।

| सि.नं. | स्थानीय तहको नाम | विवरण |
|---|---|---|
| १. | विदुर न.पा. | १.विदुर वडा नं. १ ढुङ्गे कृषि विकास बैंक र कृषि विकास कार्यालय वीचबाट पावर हाउस जोड्ने त्रिशुली नदीमा बेलीव्रीज निर्माण गर्ने ।<br>२ .विदुर वडा नं. ४ सीमचौरदेखि विदुर १२ गौरीबेशी जोड्ने त्रिशुली नदीमा बेलीव्रीज निर्माण गर्ने ।<br>३ वैकल्पिक सडक अन्तर्गत विदुर न.पा. १२ कालीखोला र वडा नं.८ माझिगाँउको ५०० मिटर सडक ग्राबेल गर्ने।<br>४ भोटेकोशी बाढी प्रभावितहरुको लागि सुरक्षित आवास निर्माण लागि जग्गा सट्टा पट्टा तथा प्राप्ति गर्ने कानुनी व्यवस्था हुनुपर्ने । |
| २. | तारकेश्वर न.पा. | १.तारकेश्वर गाउँपालिका वडा नं २ को बगुवा र गल्छी गाउँपालिका जोड्न बेलीब्रीज निर्माण गर्ने |

प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| | | २. वडा नं ४ को घोडेबेसी र बेलकोटगढीको रातमाटे जोड्ने बेलीब्रीज निर्माण गर्ने<br>३ तारकेश्वर ४ तर्फको बुधसिंहघाट र बेलकोटगढी महादेवफाँट जोड्ने बेलीब्रीज निर्माण गर्ने।<br>४. तारकेश्वर २ तारुकाघाट र बेलकोटगढी ७ तारुका प्रहरी चौकीसम्म जोड्ने झोलुङ्गे पुल निर्माण गर्ने ।<br>५. तारकेश्वर ४ दर्शनटार र बेलकोटगढी रातमाटे जोड्ने झोलुङ्गे पुल निर्माण गर्ने<br>६. तारकेश्वर ४ बुधसिंहघाट र बेलकोटगढी महादेवफाँट जोड्ने झोलुङ्गे पुल निर्माण गर्ने<br>७. तारकेश्वर २ पिमलफाँटमा रहेको मनकामना, महादेव, राममन्दिर, पञ्चमहादेव र तारुकाघाटमा रहेको तारकेश्वर मन्दिर र परिसरमा रहेका अन्य मन्दिरहरु मर्मत तथा निर्माण गर्ने ।<br>८. त्रिशुली कोरिडोरको वैकल्पिक मार्गहरुको रुपमा रहेका देहायका सडकखण्डहरु मर्मत तथा सुधार गर्नुपर्ने<br>➢ बगुवा सिम्लेबेसी खोलेबेसी कोल्डाँडा वडा नं २ सडक<br>➢ सिम्लेबेसी राम्चे बाघखोर वडा कार्यालय २ सडक<br>➢ चन्दनी सिम्ले डाँडाखर्क दाङसिङ सडक वडा नं २, ३, ४, १ सडक<br>➢ जोरचौतारा पिमलडाँडा निलकण्ठ जोड्ने सडक वडा नं ३<br>➢ भवनडाँडा कौछिनी काउने सडक वडा नं २, ३ सडक<br>९ पिमलटार खानेपानी वडा नं २,<br>१०.माझीगाउँ खानेपानी लिफ्टिङ वडा नं २,<br>११.तारुकाबेसी विर्ताफाँट तारुका सिचाई वडा नं २ |
| ३ | किस्पाङ गा पा | १. सोले पुल (विदुर ७ र किस्पाङ ५ मनकामना जोड्ने) बेलिब्रिज निर्माण<br>२. पैरिवेशि पुल(उत्तरगया ४ र किस्पाङ जोड्ने) बेलिब्रिज निर्माण<br>३. अक्करे तुप्चे सोले सातदोबाटे हुदै किस्पाङ गाउँपालिका र रसुवाको उत्तरगया जोड्ने सडक।<br>४. जामुने देखि जयडाडाँ बरको बोट जोड्ने बैकल्पिक नयाँ ट्र्याक निर्माण किस्पाङ ५<br>५. कोके गाउँ अर्चले हुदै रसुवा जोड्ने ग्रामिण सडक<br>६. तुप्चे सिस्ने चौर चाम्पेश्वारा हुदै गाउँपालिका जोड्ने सडक<br>७. विदुर ७ र किस्पाङ ५ जोड्ने सोले झोलुङ्गे पुल<br>८. उत्तरगया ४ र किस्पाङ ५ जोड्ने झोलुङ्गे पुल<br>९. सुकौरे खोला पक्कि पुल |
| ४ | पञ्चकन्या गा.पा. (२०८३ भाद्र ४ देखि ७ गतेसम्म आएको वर्षातको कारण) | १.कुण्डला, घलेभञ्ज्याङ सडक,<br>२.घलेभञ्ज्याङ लाकुरीबोट हुँदै च्याङस्वारा जोड्ने सडक,<br>३.लाकुरीबाट, कुलकुले, आरुखर्क, मंगाला, टोड्केभञ्ज्याङ हुँदै सातविसे सडक,<br>४. कुलकुले, थप्रेक स्कूल डाँडा हुँदै सातविसे सडक,<br>५. घलेभञ्ज्याङ, सोह्रमाने, नेवारपानी, फुर्केसल्ला हुँदै बुढीसेरा सडक,<br>६. लाकुरीभञ्ज्याङ, नेवारपानी ५ नं वडा कार्यालय हुँदै बुढीसेरा सडक,<br>७. मोठभञ्ज्याङ, बयागाउँ भेडाबारी सडक,<br>८. घलेभञ्ज्याङ, मिलनडाडा लप्टन डाँडा राष्ट्रिय मावि हुँदै छहरे जाने सडक,<br>९.१ नं देखि ५ नं वडा भित्रका सम्पूर्ण सडकहरु,<br>१०.घलेभञ्ज्याङ ३ नं. वडा कार्यालय, निउरेनि हुँदै राउटर जोड्ने सडक,<br>११.च्याङस्वारा सहिद स्मारक पर्यटकीय पार्क तथा खेलमैदान, |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय विदुर, नुवाकोट

प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| | | १२.गाउँपालिका भित्रका खानेपानी संरचना,<br>१३.घलेभञ्ज्याङ सास्कृतिक भवन, थप्रेक स्वास्थ्य चौकी,<br>१४. आवासिय घर तथा गोठ खतियोग्य जमिन |

**9.** अझै पनि वर्पातको समय बाँकि नै रहेकोले विपद आएको अवस्थामा संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार र मातहतका सबै निकाय एव गैरसरकारी I/NGOs स्वतः सक्रिय हुने DPRP मा भएको प्रावधान अनुसार सबै निकायहरु एव जनप्रतिनिधिहरु तथा व्यक्तिगत रुपमा भैरहेको सहयोग समन्वय र सहजिकरण गर्ने कार्य अझ थप प्रभावकारी वनाउन सबै सयन्त्र निरन्तर लाग्ने।

**10.** राहत वितरणलाई अझ व्यवस्थित गर्न सबै वडा अध्यक्षहरुले आफ्नो वडामा भएका विस्थापितको विवरण पहिचान गरेर विस्थापितको सूचिमा नाम भएका विस्थिपतहरुलाई राहत लगायतका सेवा सुविधा दिन उपयुक्त हुने एव राहत संकलन केन्द्रमा राहत संकलन गरी सम्बन्धित वडा अध्यक्षहरुको लिखित माग वमोजिम मात्र राहत वितरण गर्ने प्रावधानलाई अझ प्रभावकारी वनाउने ।

**11.** बाढीबाट प्रभावित भई विस्थापित भएका केहि मानिसहरु विदुर न.पा. ५ को पिपलटारीमा टेन्टमा वसोवास गरेको हुँदा निजहरुलाई खानेपानी, विधुत, शौचालय लगायतको व्यवस्थापन विदुर नगरपालिका र सम्बन्धित वडाको समन्वयमा सम्बन्धित निकायले तत्काल मिलाउने वा अन्य उपयुक्त स्थानमा राख्ने व्यवस्था विदुर न.पा. वा सम्बन्धित वडा अध्यक्षले मिलाउने ।

प्रमुख जिल्ला अधिकारी